अनुसूची १

## करारमा लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण

(दफा ६(१) सँग सम्बन्धित)

१) स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको संचालन तथा सहजीकरण गर्ने।

२) स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन तथा सहजीकरण गर्ने।

३) पालिका अन्तर्गत संचालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरी सम्बन्धित निकायमा संप्रेषण गर्ने।

४) पालिकाको किसान सूचीकरण कार्य र कृषि तथ्याङ्क अध्यावधिक गर्ने।

५) बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरण सहितको पालिका स्तरीय कृषि प्रोफायल तयार गर्ने।

६) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

७) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८) कृषि बीमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने ।

९) संघ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यकता अनुसार समन्वय गर्ने।

१०) अनुसन्धान पछि आएका नविन प्रविधि अनुशरणका लागि पालिकका कृषक समुदायमा प्रचार प्रसार गर्ने ।

११) पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२) स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यावसायिक योजना तयार गर्ने।

१३) कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने।

१४) पालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने।

सचिव

डा. दीपक कुमार खराल
सचिव

अनुसूची २

## करारमा लिने कृषि स्नातक प्राविधिकको (पशु विज्ञान तर्फ) कार्यविवरण

(दफा ६(१) सँग सम्बन्धित)

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने।

२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमशः सुधार गराउने।

३) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने।

४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने।

५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन र सहजीकरण गर्ने।

६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघबाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा संचालन गर्ने।

७) आकस्मिक रोगहरूको investigation गरी Real Time रिपोर्टिङ्ग गर्ने।

८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने।

९) Livestock, Feed sources Mapping गर्ने।

१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने।

११) ईपिडेमियोलोजिकल रिपोर्ट नियमित रूपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडेमियोलोजी शाखामा सम्प्रेषण गर्ने।

१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने।

१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने

१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यक भएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने

१५) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शंका लागेमा तुरुन्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ्ग यथाशीघ्र सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडेमियोलोजी शाखा) मा गर्ने।

सचिव

डा. दीपक कुमार खराल
सचिव